स्वीकृत मितिः २०८२।०९।०७

# शिक्षक बैङ्कको स्थापना एवम् परिचालनसम्बन्धी अवधारणा पत्र

## १. पृष्ठभूमि

शिक्षक बैङ्क भनेको शिक्षक हुन इच्छुक र योग्य व्यक्तिहरूको योग्यताक्रममा आधारित अभिलेख हो। यसले शिक्षकको शैक्षिक योग्यता, क्षमता, अनुभव, सिप, तालिम र विशेषज्ञतासम्बन्धी विवरण सङ्कलन गरी आवश्यकताअनुसार शिक्षक परिचालन गर्न सकिने प्रणालीलाई जनाउँछ।यसलाई शिक्षा प्रणालीभित्रको मानव स्रोत व्यवस्थापन र परिचालनका लागि सूचना प्रणालीका रूपमा लिन सकिन्छ । शिक्षक बैङ्कको मर्म विद्यालयमा शिक्षक अभाव भएको अवस्थामा तुरुन्तै शिक्षक उपलब्ध गराउने भन्ने हो । यो प्रणाली स्थायी पदपूर्तिको प्रक्रिया चलिरहेका वेला, बिकट वा दुर्गम क्षेत्रमा शिक्षक अभाव हुँदा, थप कक्षा सञ्चालन गर्नुपर्ने अवस्थामा, आपत्कालीन अवस्थामा, क्रेडिट आवर नपुग्ने ऐच्छिक वा प्राविधिक विषयमा कोर्स सञ्चालन गर्नुपर्ने अवस्थामा तथा शिक्षक असाधारण, बेतलबी वा सुत्केरी बिदामा बसेको अवस्थामा शिक्षक अभाव पूर्तिका लागि प्रयोग गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय रूपमा अमेरिका, बेलायत, क्यानडा, जापान र भारत जस्ता देशहरूले शिक्षक बैङ्कलाई मानव संसाधनको भण्डारका रूपमा प्रयोग गर्दै आएका छन्।ती देशहरूमा अवकाश प्राप्त शिक्षक, विषयगत विज्ञ, योग्यता प्राप्त पेसेवर, स्वास्थ्यकर्मी वा सामाजिक अभियन्ताहरूलाई स्थानीय स्तरमा शिक्षक बैङ्कमा आबद्ध गराई आवश्यकताअनुसार शिक्षण कार्यमा परिचालन गरिन्छ।

नेपालमा हालसम्म शिक्षक सेवा आयोगले स्थायी पदपूर्तिका लागि लिने परीक्षाबाट तयार गरिने योग्यताक्रमका आधारमा करार शिक्षक नियुक्त गर्ने अभ्यास छ।साथै केही स्थानीय तहहरू जस्तैः बुढानीलकण्ठ नगरपालिका, बागमती गाउँपालिका, हेटौंडा उपमहानगरपालिका, गुलरिया नगरपालिका र पाणिनी गाउँपालिकाले आफ्नै कार्यविधिअनुसार शिक्षक तथा कर्मचारी बैङ्क स्थापना गरी स्थानीय विद्यालयमा रिक्त पद वा अस्थायी आवश्यकता पूर्ति गर्ने प्रयास गर्दै आएका छन् ।

यस अवधारणालाई संस्थागत रूपमा सुदृढ गर्न नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम र बजेटमा विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्क स्थापना गर्ने नीति घोषणा गरेको छ।यो पहलले शिक्षक व्यवस्थापन प्रणालीलाई तथ्यपरक, पारदर्शी र प्रभावकारी बनाउन मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ।

## २. औचित्य

नेपालको विद्यालय शिक्षामा शिक्षकको असमान वितरण, विषयगत शिक्षक अभाव र सरुवा प्रक्रियामा देखिएका जटिलताहरूले शिक्षाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पारेको छ।कतिपय विद्यालयमा शिक्षक बढी छन् भने कतिपय

विद्यालयहरूमा आवश्यक विषयगत शिक्षकको अभाव छ। जसका कारण विद्यार्थीको सिकाइ उपलब्धि कमजोर देखिएको छ। यस्तै शिक्षक सरुवा र पदपूर्तिमा आवश्यक पारदर्शिता र तथ्यपरक प्रणालीको कमीले पनि शिक्षक व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। यी समस्याहरू समाधान गर्नका लागि शिक्षकहरूको अभिलेखलाई एकीकृत गरी तथ्याङ्कमा आधारित निर्णय गर्न सक्ने संयन्त्रको आवश्यकता छ।

शिक्षक बैङ्कको स्थापना यसै आवश्यकतालाई सम्बोधन गर्न ल्याइएको अवधारणा हो। जसले शिक्षकहरूको योग्यता, अनुभव, तालिम र विषयगत दक्षताका आधारमा विद्यालयमा उचित व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ। यसले शिक्षक अभाव भएका विद्यालयमा तत्काल शिक्षक उपलब्ध गराउन, शिक्षक व्यवस्थापनमा पारदर्शिता ल्याउन र योग्य शिक्षकको प्रभावकारी उपयोग गर्न मदत पुऱ्याउँछ। यसका साथै शिक्षक अभिलेख प्रणाली सुदृढ भई भविष्यका  शैक्षिक नीति निर्माण, योजना तयारी तथा तालिम व्यवस्थापनमा पनि सघाउने छ। त्यसैले विद्यालय शिक्षाको गुणस्तर सुधार र समान अवसर सुनिश्चित गर्न शिक्षक बैङ्कको स्थापना अत्यावश्यक छ।

### ३. शिक्षक व्यवस्थापनसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

**शिक्षक सेवा आयोग नियमावली, २०५७** : शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४ मा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरूमध्येबाट करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस गरिएका पद सङ्ख्याका आधारमा प्राथमिक तहमा शतप्रतिशत र निम्न माध्यमिक तथा माध्यमिक तहमा विज्ञापन भएको पदको दोब्बर सङ्ख्यामा छुट्टै योग्यताक्रमअनुसारको सूची प्रकाशन गर्ने छ । यस्तो सूची प्रकाशन गर्दा खुला प्रतियोगितातर्फका वैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखिने व्यवस्था छ ।

**शिक्षा नियमावली, २०५९**: शिक्षा नियमावली, २०५९को नियम ९७ अनुसार नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६**: विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गर्ने र उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सिप र अभिवृद्धिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पुऱ्याउन अनिवार्य स्वयम्सेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवा

सञ्चालन गर्ने । राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक विषयमा स्नातक र साधारण विषयहरूमा स्नातकोत्तर तहमा एक वर्षसम्म अवधिको राष्ट्रिय विकास सेवा गर्नुपर्ने व्यवस्था गरिने र सेवा प्रदान गरेका आधारमा आन्तरिक तथा बाह्य सुपरिवेक्षकबाट अन्तिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । राष्ट्रिय विकास सेवाअन्तर्गत समुदायको सेवा तथा राष्ट्रिय विकासका लागि जाने विद्यार्थीलाई कामअनुसारको निर्वाह खर्च उपलब्ध गराइनेछ।

**नेपाल सरकारको आव २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट** : नेपाल सरकारको आ.व. २०८२/८३ वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. ६८ मा विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गरिने कुरा उल्लेख छ।त्यसै गरी नेपाल सरकारको आ.व. २०८२/८३ को बजेट बक्तव्यको बुँदा नं.१५३ मा अङ्ग्रेजी, विज्ञान र गणित विषयका शिक्षकहरूको अभाव हुन नदिन विश्वविद्यालयहरूसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गरिने कुरा उल्लेख छ ।

## ४. शिक्षक बैङ्क स्थापनाका उद्देश्य

सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको असमान वितरण, शिक्षक अभाव र अस्थायी व्यवस्थापनको विद्यमान समस्या रहेको सन्दर्भमा शिक्षक व्यवस्थापन, शिक्षक आपूर्ति, सिकाइ सुनिश्चितता, शैक्षिक क्षति न्यूनीकरण र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शिक्षक बैङ्कको अवधारणा विकास र शिक्षक बैङ्क स्थापना गर्न खोजिएको हो। शिक्षक बैङ्कको अवधारणा विकास र शिक्षक बैङ्क स्थापनाका उद्देश्य देहायबमोजिम रहेका छन् ।

(क) शिक्षक व्यवस्थापनमा सहजता ल्याउनु

(ख) अस्थायी र करारका शिक्षकको व्यवस्थापन गर्नु

(ग) शिक्षक बिदामा हुँदा कक्षा व्यवस्थापन गर्नु

(घ) शिक्षक अभिलेख प्रणाली सुदृढ गर्नु

(ङ) नीतिगत योजना निर्माणमा सहयोग गर्नु

## ५. शिक्षक व्यवस्थापनमा देखिएका समस्या

नेपालका सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन, शिक्षक आपूर्ति र अस्थायी/करार शिक्षक नियुक्तिमा देहायका समस्या देखिएका छन्;

**(क) शिक्षक अभाव**ः विशेषतः ग्रामीण क्षेत्रमा अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक धारतर्फका विषयमा शिक्षकको अभाव रहेको छ।पटक पटक विज्ञापन हुँदा पनि शिक्षक उपलब्ध हुन सकेको छैन ।

**(ख) शिक्षक सेवा आयोगबाट प्रकाशित सूची अप्रयाप्त**ः करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षक सेवा आयोगबाट प्रकाशन भएको सूची अप्रयाप्त रहेको छ ।विशेषतः शिक्षक सेवा आयोगबाट विषयगत

रूपमा निम्न माध्यमिक तह र माध्यमिक तहका लागि प्रकाशित प्रदेशगत सूचीले शिक्षकको तत्काल आपूर्तिलाई सम्बोधन गर्न सकेको छैन ।

(ग) **शिक्षक सेवा आयोगबाट प्रकाशित सूचीले सबै प्रकारका करारलाई समेट्न नसकेको**ः शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीले माध्यमिक तह (११-१२), राहत कोटा, शिक्षण सहयोग अनुदान, प्रारम्भिक बाल विकास, प्रदेश र स्थानीय तहको अनुदान, निजी स्रोत र अन्य स्रोतमा नियुक्त हुने शिक्षक तथा विद्यालय कर्मचारीलाई समेट्न सकेको छैन ।

(घ) **शिक्षक बिदामा हुँदा कक्षा व्यवस्थापन हुन नसकेको**ः प्रसुति बिदा, असाधारण बिदा, वेतलबी बिदा, अध्ययन बिदा, लामो बिरामी बिदामा बस्दा वा फौजदारी अभियोगमा निलम्बनमा पर्दा तत्कालका लागि शिक्षक व्यवस्थापन गर्ने विधि उपयोग गर्न सकिएको छैन ।

(ङ) **कानुनी रूपमा विविधता**ः ७५३ ओटै स्थानीय तहमा फरक फरक स्थानीय शिक्षा ऐन तथा नियमावली जारी हुँदा करार शिक्षक नियुक्तिमा एकरूपता ल्याउन सकिएको छैन । साथै स्थानीय तहले निर्माण गरेका कानुन विद्यमान शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ सँग एकापसमा बाझिएका छन् । जसले गर्दा थुप्रै स्थानीय तहले मुद्दा मामिला र झमेला झेल्नु परेको अवस्था छ ।

(च) **अनुकूल कानुनी व्यवस्था नहुनु**ः नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले गरेको व्यवस्था अनुकूल सङ्घीय शिक्षा ऐन तथा नियमावली आउन नसक्दा शिक्षक नियुक्तिमा जटिलता थपिएको छ।

(छ) **शिक्षक/कर्मचारी छनोट पाठ्यक्रममा विविधता**ः करारमा शिक्षक तथा कर्मचारी छनोट पाठ्यक्रममा समेत देशभर एकरूपता कायम हुन सकेको छैन । प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, कक्षा (११-१२) का शिक्षक, प्राविधिक धारका शिक्षक छनोटका लागि केन्द्रस्तरमा पाठ्यक्रम तथा छनोट मापदण्ड तयार हुन नसकेकाले स्थानीय तहले तय गरेका पाठ्यक्रममा विविधता रहेको छ ।

(ज) **शिक्षक छनोट समितिमा विविधता**ः शिक्षा नियमावली, २०५९ को नियम ९६क बमोजिम प्रत्येक विद्यालयमा रहने शिक्षक छनोट समितिलाई स्थानीय तहहरूले स्वीकार गर्न सक्ने गरी संशोधन हुन सकेको छैन । कतिपय स्थानीय तहले आआफ्नो स्थानीय कानुनमा छनोट समितिको व्यवस्था गरेका छन् । साविक शिक्षा विभागबाट जारी निर्देशिकामा उल्लिखित कक्षा (११-१२) का शिक्षक छनोट समितिसमेत शिक्षा नियमावलीको उल्लेखित प्रावधान अनुरुप रहेको छैन ।

(झ) **पारदर्शिता र मितव्ययिताको अभाव**ः करार शिक्षक छनोटमा राजनीतिक हस्तक्षेप भएको, अनियमितता भएको, पक्षपात भएको, योग्यता प्रणाली लागु नभएको, चर्को आवेदन शुल्क लिने गरिएको जस्ता गुनासा

आउने गरेका छन् । प्रत्येक विद्यालयमा शिक्षक छनोट समिति रहने र पटक पटक परीक्षा सञ्चालन गर्नुपर्दा खर्चिलो हुने गरेको छ ।

(ञ) **तत्काल आपूर्ति हुन नसकेको:** करारमा शिक्षक तथा कर्मचारी नियुक्ति प्रयोजनका लागि विज्ञापनको सूचना प्रकाशनदेखि नियुक्तिको प्रक्रियासम्म पुग्दा लाग्ने समयावधिले विद्यार्थीको नियमित पठनपाठनमा समस्या सिर्जना भएको छ ।

## ६. शिक्षक बैङ्कको स्थापना गर्ने विधि तथा कार्यप्रक्रिया

नेपालको संविधानले आधारभूत तथा माध्यमिक तहको अधिकार स्थानीय तहको अधिकार क्षेत्र भित्र राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका शिक्षासम्बन्धी अधिकारलाई समेत व्याख्या गरेको सन्दर्भमा अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षाको अधिकार कार्यान्वयनको मूल अभिभारा स्थानीय तहको रहेको छ।तसर्थ कानुनी दृष्टिकोणले समेत शिक्षक व्यवस्थापन र परिचालनको लागि शिक्षक बैङ्कको स्थापना स्थानीय तहमा गर्नु उपयुक्त हुन्छ।स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयमा रिक्त हुने स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँ/नगर स्वयम्सेवक शिक्षक, प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारी पदमा करारमा नियुक्ति गर्न योग्यताक्रमसहितको शिक्षक बैङ्क स्थापना गर्न वाञ्छनीय देखिन्छ ।यसका लागि देहायका कार्यप्रक्रिया अबलम्बन गर्न उपयुक्त हुन्छ;

(क) आवश्यकता पहिचान
(ख) शिक्षक बैङ्क स्थापनाको मापदण्ड विकास
(ग) डाटाबेस प्रणालीको विकास
(घ) सूचना सङ्कलन र दर्ता प्रक्रिया
(ङ) छनोट र वर्गीकरण
(च) विवरण अद्यावधिक

## ७. शिक्षक बैङ्कको स्थापना, व्यवस्थापन र परिचालन

(क) शिक्षक बैङ्क स्थानीय तहस्तर, जिल्लास्तर र प्रदेशस्तरमा स्थापित हुने छ । आधारभूत तह (प्राथमिक तह) सम्मको शिक्षक बैङ्क स्थानीय र जिल्लास्तरमा मात्र हुने छ भने आधारभूत तहतर्फको निम्नमाध्यामिक र माध्यमिक तहका लागि प्रदेशस्तरमा शिक्षक बैङ्क स्थापना गर्न सकिने छ । स्थानीय तहले बढीमा दुई वर्षमा शिक्षक बैङ्कमा रहेको सूचीलाई नवीकरण गर्न र एक विद्यालयमा सेवा करारमा रहेको व्यक्ति अवधि समाप्त नहुँदै समान तह वा विषयमा काममा नलगाउने व्यवस्था मिलाउन सक्ने छ । जिल्ला र प्रदेशले समेत सोहीअनुरूप नवीकरण गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) विद्यमान व्यवस्थाअनुरूप शिक्षक सेवा आयोगको करार सूचीबाट योग्यताक्रमानुसार करारमा शिक्षक नियुक्ति गर्ने

(ग) करार सूचीले नसमेटेको वा प्रयाप्त नहुने पदका लागि स्थानीय तहमा योग्यताक्रमअनुसारको शिक्षक बैङ्कको स्थापना गर्ने

(घ) शिक्षक बैङ्क स्थापना नहुने वा हुन नसक्ने विषयको हकमा विषयविज्ञहरूको आवेदन लिई रोस्टर सूची (शिक्षक बैङ्क) तयार गरी कोर्ष करारमा कक्षा सञ्चालन गर्ने

(ङ) स्थानीय तहले तहगत र विषयगत रूपमा योग्यताक्रमअनुसारका छुट्टाछुट्टै शिक्षक तथा कर्मचारी बैङ्क स्थापना गर्ने

(च) स्थानीय तहले विकास गरेको शिक्षक बैङ्कका आधारमा जिल्ला तह र जिल्ला तहले तयार गरेको बैङ्कका आधारमा प्रदेश तहमा शिक्षक बैङ्कको स्थापना गर्ने

(छ) करारमा कुनै शिक्षक पदपूर्ति गर्नुपर्ने भएमा विद्यालयले देहायबमोजिम गर्नुपर्ने छः

१. विद्यालयले शिक्षक सेवा आयोगबाट प्रकाशित प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि प्रकाशित सूचीबाट योग्यताक्रमानुसार नियुक्तिका लागि एक हप्ताको सार्वजनिक सूचना प्रकाशन गर्ने। सो अवधिमा नियुक्तिका लागि आवेदन दिने उम्मेदवारमध्येबाट आयोगबाट सिफारिस भएको क्रमको योग्यताक्रमका आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम नियुक्ति दिने

२. शिक्षक सेवा आयोगबाट प्रकाशित जिल्लास्तर र प्रदेशस्तरको सूचीबाट कुनै उम्मेदवारले नियुक्तिका लागि निवेदन नदिएमा वा त्यस्तो सूचीको व्यवस्था नरहेमा वा सूचीमा कुनै पनि उम्मेदवार बाँकी नरहेमा स्थानीय तहबाट प्रकाशित शिक्षक बैङ्कबाट योग्यताक्रमका आधारमा नियुक्ति दिने

३. स्थानीय तहको शिक्षक बैङ्कबाट पदपूर्ति नभएमा जिल्ला तहको शिक्षक बैङ्कबाट योग्यताक्रमका आधारमा नियुक्ति दिने। जिल्लाअन्तर्गतका विभिन्न पालिकामा विधिसम्मत सूचीकृत भएका शिक्षक बैङ्कका व्यक्तिहरूबाट निजहरूको विषय, शैक्षिक योग्यता र योग्यताको श्रेणी वा ग्रेडसमेत छुट्टिने गरी जिल्लास्तरको साझा सूची बनाउनुपर्ने छ ।

४. स्थानीय तह र जिल्ला तहबाट प्रकाशित योग्यताक्रमानुसारको शिक्षक बैङ्कबाट समेत पदपूर्ति हुन नसकेमा प्रदेशस्तरको शिक्षक बैङ्कबाट सम्झौता गरी कक्षा सञ्चालनको व्यवस्था मिलाउनु पर्ने छ।

(ज) शिक्षक बैङ्कबाट अनिवार्य रूपमा सबै प्रकारका (सङ्घीय अनुदान, राहत अनुदान, प्रदेश अनुदान, स्थानीय तह अनुदान र निजी स्रोतमा नियुक्त हुने शिक्षकसमेत) करार शिक्षक तथा कर्मचारीको नियुक्ति गर्नुपर्ने व्यवस्था गर्ने ।साथै विद्यालयले शिक्षक प्रसुति बिदा, असाधारण बिदा, वेतलबी बिदा (कम्तीमा

१ महिनाको), अध्ययन बिदा (कम्तीमा १ महिनाको), लामो बिरामी बिदामा बस्दा वा निलम्बनमा पर्दा स्थानीय तहको स्वीकृति लिई शिक्षक बैङ्कबाट नै तत्काल कक्षा व्यवस्थापन गर्ने

(झ) कुनै शिक्षक अनिवार्य अवकास भई पद रिक्त हुने भएमा विद्यालयले अवकास हुनुभन्दा एक हप्ता अगावै करारमा शिक्षक नियुक्तिको प्रक्रिया अगाडि बढाउन सक्ने छ तर नियुक्ति भने अनिवार्य अवकाश भएको भोलिपल्टबाट मात्र दिइने छ। सामान्यतया यसरी नियुक्त शिक्षकको अभिमुखीकरणको व्यवस्था मिलाइने छ ।

(ञ) करारमा शिक्षक छनोटमा विभिन्न प्रकारका आम जनगुनासा रहेको सन्दर्भमा सोको सम्बोधन गर्न स्थानीय तहले शिक्षक बैङ्क स्थापना प्रयोजनका लागि सञ्चालन गर्ने छनोट परीक्षालाई विश्वसनीय, वैध, वस्तुनिष्ठ र मितव्ययी बनाउनुपर्ने छ।

(ट) शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहले शिक्षाशास्त्र सङकाय सञ्चालन गरेका जिल्लाभित्रका विश्वविद्यालयका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसहरूसँग स्थानीय स्तरमा स्थापना हुने शिक्षक बैङ्कका बारेमा छलफल, परामर्श तथा सूचना सम्प्रेषण गर्ने छ।

(ठ) विद्यालयमा छोटो अवधिको वैकल्पिक शिक्षक व्यवस्थापन गर्न तथा कोर्ष करारमा कक्षा सञ्चालन गर्न स्थानीय सरकारले बजेटको व्यवस्था गर्ने छ। सोको व्यवस्थापनका लागि स्थानीय सरकारलाई सङ्घीय सरकार र प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने छन् ।

## ८. जिल्ला तहमा शिक्षक बैङ्क स्थापना गर्ने विधि तथा कार्यप्रक्रिया

जिल्ला तहमा शिक्षक बैङ्कको स्थापनासम्बन्धी कार्य शिक्षा विकास तथा समन्वय एकाइले गर्ने छ। शिक्षा विकास तथा समन्वय एकाइले जिल्लाभित्रका सबै स्थानीय तहहरूबाट प्राप्त शिक्षक बैङ्कलाई देहायबमोजिमको विधि तथा प्रक्रियाका आधारमा जिल्लास्तरमा शिक्षक बैङ्कको स्थापना गर्ने छ ।

**(क) शिक्षक बैङ्कको एकीकृत विवरण तयार गर्ने** : शिक्षा विकास तथा समन्वय एकाइले आफ्नो जिल्लाभित्रका सबै स्थानीय तहबाट शिक्षक बैङ्कमा सूचीकृत भएका उम्मेदवारलाई देहायका आधारमा प्राथमिकीकरण गरी शिक्षक बैङ्कको एकीकृत सूची तयार गर्ने छ ।

(अ) माथिल्लो शैक्षिक योग्यताका आधारमा

(आ) उल्लिखित १ का आधारमा प्राथमिकताक्रम नछुट्टिएमा माथिल्लो शैक्षिक योग्यताको कूल प्राप्ताङ्कका आधारमा

(इ) उल्लिखित १ र २ का आधारमा प्राथमिकताक्रम नछुट्टिएमा न्यूनतम शैक्षिक योग्यताको कूल प्राप्ताङ्कका आधारमा

(ई) कोर्ष करार प्रयोजनको (अङ्ग्रेजी, गणित, विज्ञान, ऐच्छिक विषय, प्राविधिक धार, कम्प्युटरजस्ता विषय) सबै स्थानीय तहबाट प्राप्त शिक्षक बैङ्क र आफैंले समेत निवेदन लिई माथि उल्लिखित आधारमा प्राथमिकीकरणको एकीकृत सूची तयार गर्न सक्ने तर आफैंले निवेदन लिएका व्यक्तिका हकमा एकाइ रहेको स्थानीय तहबाट अन्य छनोट प्रक्रियमा सहभागी गराउन समन्वय गर्ने।

(ख) **शिक्षक बैङ्कको प्रमाणित प्रति उपलब्ध गराउनुपर्नेः** शिक्षा विकास तथा समन्वय एकाइले जिल्लाभित्रका सबै स्थानीय तहलाई जिल्लास्तरको शिक्षक बैङ्क र कोर्ष करार प्रयोजनको शिक्षक बैङ्कको प्रमाणित प्रति उपलब्ध गराउने । साथै निम्नमाध्यमिक र माध्यमिक तहको जिल्लास्तरीय शिक्षक बैङ्क प्रदेशस्थित शिक्षा विकास निर्देशनालयलाई उपलब्ध गराउनुपर्ने छ ।

(ग) **जिल्लास्तरको शिक्षक बैङ्कको प्रयोगः** कुनै स्थानीय तहको शिक्षक बैङ्कबाट करारमा शिक्षक पूर्ति हुन नसकेमा जिल्लास्तरको शिक्षक बैङ्कबाट प्राथमिकीकरणका आधारमा पूर्ति गरिने छ ।

(घ) **अनुगमन तथा मूल्याङ्कनः** जिल्ला समन्वय समिति र जिल्ला शिक्षा समितिले जिल्लास्तरीय शिक्षक बैङ्क स्थापनामा आवश्यक सहयोग, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने छन्।

**९. प्रदेश तहमा शिक्षक बैङ्क स्थापना गर्ने विधि तथा कार्यप्रक्रिया**

प्रदेश तहमा शिक्षक बैङ्कको स्थापनासम्बन्धी कार्य प्रदेशको शिक्षा निर्देशनालयले गर्ने छ। शिक्षा निर्देशनालय नरहेमा सोको व्यवस्था प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले मिलाउने छ। शिक्षा निर्देशनालयले प्रदेशभित्रका सबै जिल्लाहरूबाट प्राप्त आधारभूत तह (निम्न माध्यामिक) र माध्यमिक तहका शिक्षक बैङ्कलाई देहायबमोजिमको विधि तथा प्रक्रियाका आधारमा प्रदेशस्तरमा शिक्षक बैङ्कको स्थापना गर्ने छ।

(क) **शिक्षक बैङ्कको एकीकृत विवरण तयार गर्नेः** प्रदेशले प्रदेशका सबै जिल्लामा सूचीकृत भएका उम्मेदवारलाई देहायका आधारमा प्राथमिकीकरण गरी शिक्षक बैङ्कको एकीकृत सूची तयार गर्नेछ।

(अ) माथिल्लो शैक्षिक योग्यताका आधारमा,

(आ) उल्लिखित १ का आधारमा प्राथमिकताक्रम नछुट्टिएमा माथिल्लो शैक्षिक योग्यताको कूल प्राप्ताङ्कका आधारमा,

(इ) उल्लिखित १ र २ का आधारमा प्राथमिकताक्रम नछुट्टिएमा न्यूनतम शैक्षिक योग्यताको कूल प्राप्ताङ्कका आधारमा,

(ई) उल्लिखित १, २, ३ का आधारमा सबै तह र विषय (अङ्ग्रेजी, गणित, विज्ञान, ऐच्छिक विषय, प्राविधिक धार, कम्प्युटर जस्ता विषयसमेत) को प्रदेशको एकीकृत शिक्षक बैङ्क तयार गर्ने ।

(ख) **प्रमाणित प्रति उपलब्ध गराउनुपर्नेः** प्रदेशले प्रदेशभित्रका सबै जिल्ला र जिल्लाले जिल्लाभित्रका सबै स्थानीय तहलाई प्रदेशस्तरको शिक्षक बैङ्कको प्रमाणित प्रति उपलब्ध गराउनुपर्ने छ ।

**(ग) प्रदेशस्तरको शिक्षक बैङ्कको प्रयोगः** कुनै जिल्ला तहको शिक्षक बैङ्कबाट करारमा शिक्षक पूर्ति हुन नसकेमा प्रदेशस्तरको शिक्षक बैङ्कबाट प्राथमिकीकरणका आधारमा पूर्ति गरिने छ ।

**(घ) अनुगमन तथा मूल्याङ्कनः** प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले प्रदेशस्तरीय शिक्षक बैङ्क स्थापनामा आवश्यक सहयोग, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।

**१०. शिक्षक बैङ्क स्थापना र शिक्षक अभाव न्यूनीकरणका लागि केन्द्रस्तरमा चाल्नुपर्ने कदमहरू**

(क) शिक्षा नियमावली, २०५९ को संशोधन गरी शिक्षक बैङ्क स्थापनाअनुकूल बनाउने अथवा कार्यदल गठन गरी शिक्षक बैङ्कको मापदण्ड तथा कार्यविधि निर्माण गर्ने

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिच सामुदायिक विद्यालयहरूमा शिक्षक अभाव भएको र सोको आपूर्तिका विषयमा छलफल, अन्तर्क्रिया र सहकार्य गर्ने

(ग) विद्यालयमा शिक्षकको अभाव भएका विषयमा जनशक्ति बढाउने उपायका बारेमा विश्वविद्यालयसँग छलफल गरी त्यस्ता विषयमा जनशक्ति बढाउन छात्रवृत्ति तथा अनुदानको व्यवस्था गर्ने

(घ) शिक्षाशास्त्र सङ्कायको स्नातक तहमा २ ओटा विषयमा विशिष्टीकरण गर्न सकिने गरी पाठ्यक्रम विकास गर्ने सम्बन्धमा विश्वविद्यालयसँग समन्वय गर्ने

(ङ) शिक्षाशास्त्र सङ्कायका विद्यार्थी, विश्वविद्यालय, स्थानीय तह, शिक्षक र विद्यालयबिच सम्बन्ध स्थापना हुने, दोहोरो सञ्चार हुने र शिक्षक आवश्यकताबारे सूचना सम्प्रेषण हुने गरी वेबबेस प्रणालीको विकास गर्ने र उक्त प्रणालीका माध्यमबाट नेपालको कुनै विद्यालयमा शिक्षक आवश्यकता भएको बारे एकसाथ सूचना सम्प्रेषण हुने र विद्यालय तथा शिक्षक उम्मेदवारबिच तत्काल सम्पर्क स्थापित हुने व्यवस्था मिलाउने

(च) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूको सहकार्यमा शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीलाई ६ महिने अनिवार्य शिक्षण अभ्यास लागु गर्ने र शिक्षकको अभाव भएको क्षेत्रमा गई स्वयम्सेवा गर्नुपर्ने व्यवस्था गर्ने । शिक्षक आवश्यकता भएका क्षेत्र र विद्यालय पहिचान गरी विश्वविद्यालयसँगको समन्वयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले खटाउने व्यवस्था गर्ने

(छ) शिक्षक बैङ्क स्थापना र परिचालनका लागि स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाइ र प्रदेशस्थित शिक्षा विकास निर्देशनालयलाई आवश्यक सहयोग गर्ने दायित्व शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रहने।

## ११. अपेक्षित नतिजा

- शिक्षक अभाव वा बढी शिक्षक भएका विद्यालयहरूको सन्तुलन कायम हुने
- योग्य र दक्ष शिक्षकको प्रभावकारी प्रयोगमा सहजता आउने
- शिक्षक व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्व वृद्धि हुने
- विद्यालय शिक्षाको गुणस्तरमा सुधार सकारात्मक प्रभाव देखिने

## १२. निष्कर्ष

नेपालका सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको असमान वितरण, शिक्षक अभाव र अस्थायी व्यवस्थापनमा समस्या र चुनौती रहेको सन्दर्भमा शिक्षक बैङ्कको अवधारणाले शिक्षक व्यवस्थापन, सिकाइ सुनिश्चितता, शैक्षिक क्षति न्यूनीकरण र शैक्षिक गुणस्तर अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिन्छ। शिक्षक व्यवस्थापन अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार प्रत्याभूत गर्ने विषयसँग प्रत्यक्ष जोडिएको विषय भएकाले पनि नेपालमा शिक्षक बैङ्कको अवधारणा विकास र शिक्षक बैङ्कको स्थापना महत्त्वपूर्ण रहेको छ । शिक्षक बैङ्क सङ्घ प्रदेश, जिल्ला र स्थानीय स्तरमा स्थापना गर्न सकिने भए पनि विद्यमान नेपालको संविधान, प्रचलित कानुनी व्यवस्था र शिक्षक परिचालन, व्यवस्थापन, अनुगमन र मूल्याङ्कन समेतका दृष्टिकोणले मूलतः स्थानीय तहमा नै शिक्षक बैङ्कको स्थापना गर्नु उपयुक्त हुने देखिन्छ। जिल्ला तह र प्रदेश तहमा स्थानीय तहले विकास गरेको शिक्षक बैङ्कलाई अभिलेखीकरण गरी सहजीकरण गर्ने र केन्द्रले त्यसका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।यसबाट शिक्षकको अभावमा विद्यार्थीको पठनपाठन प्रभावित हुने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ ।